सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७९-RE-००६७

विषयः बेरितको आदेश बदर गरिपाउँ।

मदन परियार भन्ने राजेन्द्र नेपाली --------------------------------निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार ----------------------------------------------------प्रत्यर्थी/वादी

मुद्दाः कर्तव्य ज्यान।

यसमा निवेदक/प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिशङ्कर निरौला तथा विद्वान् अधिवक्ताद्वय डा.श्री गोकुलप्रसाद बुर्लाकोटी र श्री श्याम कुमार खत्री एवं नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री सुवर्णमान बनेपालीले गर्नुभएको बहस सुनियो।

पूर्णबहादुर परियारको जाहेरीले नेपाल सरकार विरुद्ध निवेदक प्रतिवादी मदन परियार भन्ने राजेन्द्र नेपाली रहेको कर्तव्य ज्यान (०७६-C१-०११) मुद्दामा धादिङ जिल्ला अदालतबाट मिति २०७६।४।२७ गते निवेदक मदन परियार भन्ने राजेन्द्र नेपालीलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएकोमा उक्त अदालतबाट मिति २०७७।७।२५ मा निजलाई आरोपित कसूरमा सफाइ दिने गरी फैसला भएको देखिन्छ। सो फैसलाउपर वादी नेपाल सरकारको उच्च अदालत पाटनमा पुनरावेदन परेकोमा उच्च अदालत पाटनबाट मिति २०७८।१०।२ मा प्रतिवादी राजेन्द्र नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद र क्षतिपूर्ति शुल्कबापत रु.१,८००।- (एकहजार आठसय रुपैयाँ) निज प्रतिवादीबाट पीडित राहत कोषमा जम्मा गराउनू भनी फैसला भएको रहेछ। निज प्रतिवादीले लागेको कैदबापत नगद र जेथा जमानत दिई तारेखमा बसी पुनरावेदन गर्न

पाउँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को सुविधाको निवेदनसहित मिति २०७९।५।२३ मा यस अदालतसमक्ष उपस्थित भएकोमा त्यस्तो सुविधा दिन नमिल्ने भनी प्रतिवादीलाई नियमानुसार सिधा खान पाउने गरी थुनामा राख्न कारागार पठाउनू भनी यस अदालतको सह-रजिष्ट्रारको मिति २०७९।५।२३ को आदेश उपर परेको बेरितको आदेश बदर गरी पाउँ भन्ने निवेदन मिति २०७९।६।३१ मा दर्ता भई प्रस्तुत विषयको किनाराका लागि संयुक्त इजलासमा पेसी चढेकोमा संयुक्त इजलासबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को व्याख्यासँग सम्बन्धित भई जटिल कानूनी प्रश्नहरू निरुपण गर्नु पर्ने देखिंदा पूर्ण इजलाससमक्ष पेस गर्नू भन्ने आदेश भई आज यस पूर्ण इजलाससमक्ष निर्णयार्थ पेस भएको छ। यसरी यस पुर्ण इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा संयुक्त इजलासले निम्नानुसार ४ वटा प्रश्नहरू बनाई उक्त प्रश्नहरूको निरुपण पुर्ण इजलासबाट हुन मनासिब हुने भनी पठाएको रहेछः-

(क) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (१) को देहाय (ख) मा उल्लिखित "**दश वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति**" र देहाय (ग) मा उल्लिखित "**अनुसूची -१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्ति**" भन्ने वर्गीकरणले कस्ता-कस्ता कसूर र व्यक्तिहरू जनाउँछ? यी दुई प्रावधानभित्र दुविधा(ambiguity)को अवस्था विद्यमान छ, छैन? त्यस्तो दुविधा विद्यमान भएमा प्रस्तुत कार्यविधिगत कानूनी व्यवस्थामा Principle of Strict Construction वा Rule of Lenity आकर्षित हुने अवस्था हुन्छ वा हुँदैन?

(ख) ऐ. ऐनको दफा १३७ को उपदफा (१) को देहाय (घ) मा भएको "**पूर्पक्षको लागि थुनामा बसेकोमा कसूरदार ठहरी कैद सजाय पाएको व्यक्ति**" भन्नाले शुरु अदालतमा पुर्पक्षमा थुनामा बसी सो अदालतले कैद सजाय गरेको व्यक्ति हो वा सुरु अदालतबाट सफाइ पाई उच्च अदालतबाट कैद सजाय पाएको व्यक्ति हो ?

(ग) दफा १३७ को उपदफा (१) को देहाय (घ) मा भएको व्यवस्थालाई उपदफा (२) को "**.......अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिको लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिव देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ**" भन्ने कानूनी व्यवस्था सँगै पढ्दा उक्त प्रावधानहरूले दुविधाको अवस्था सृजना

गरी फौजदारी न्यायको मान्यता, स्वतन्त्रता र समानताका विषयमा के कस्तो असर पर्न सक्दछ?

(घ) दफा १३७ भित्र अन्तरनिहित मान्यता थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था अर्थात Bail सँग सम्बन्धित मान्यता र अभ्यास कैद लागेको व्यक्ति मा पनि आकर्षित हुने हो वा होइन?

माथि उल्लिखित प्रश्नहरूका सम्बन्धमा विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उप-दफा (१) को खण्ड (ख) मा **"दश वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति"** र (ग) मा उल्लिखित **"अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्ति"** भनी उल्लेख भएको पाइन्छ। यी दुई प्रावधानभित्र दुविधा(ambiguity)को अवस्था विद्यमान छ, छैन? भन्ने सम्बन्धमा हेर्दा, यि व्यवस्थाहरूले दश वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति र अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्तिले पुनरावेदन गर्दा कैदमा नै बसी पुनरावेदन गर्नुपर्नेछ भन्ने सोझो अर्थ राखेको अनुभूति हुन्छ। कुनै पनि व्यक्तिलाई थुनामा राख्नु पर्ने अपरिहार्यता सम्बन्धमा फौजदारी विधिशास्त्रको मनशाय बारे केही विवेचना हुन प्रस्तुत सन्दर्भमा सान्दर्भिक हुन आउँछ।

शशीकान्त तिवारी वि. सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प पिपराको जाहेरीले नेपाल सरकार भएका निवेदन[1]मा बृहद् पूर्ण इजलासबाट **"फौजदारी विधिशास्त्रको आधारभूत सिद्धान्तहरूमध्ये कुनै पनि अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निर्दोष मान्नु पर्दछ भन्ने सिद्धान्तलाई मूल आधार मानेर हरेक व्यक्तिलाई स्वतन्त्र राखेर उसको प्रतिरक्षा गर्ने अवसर प्रदान गरिनु पर्दछ भन्ने धारणा विकास भएको हो। कुनै पनि फौजदारी अभियोग लागेको व्यक्तिले थुनामा नरहेर जसरी आफ्नो मुद्दाको प्रतिरक्षा गर्ने उचित अवसर प्राप्त गर्दछ सो थुनामा रहेर प्राप्त गर्न नसक्ने भएकाले फौजदारी अपराधमा मुद्दा सुनुवाइ गर्दा धरौट तथा जमानतको अनुमतिलाई सामान्य नियम (General Rule) र थुनामा राख्ने अवस्थालाई अपवाद (Exception) मान्नुपर्दछ भन्ने अवधारणा आधुनिक फौजदारी विधिशास्त्रले मूलभूत मान्यताको रूपमा अंगिकार गरेको पाइने।... अदालतले ऐन कानूनमा उल्लेख भएको कुनै व्यवस्थाको व्याख्या गर्दा कुनै एउटा दफाको समग्र प्रावधानलाई नहेरी केवल त्यसभित्रको सीमित वाक्य, वाक्यांश वा शब्दका आधारमा मात्र व्याख्या गर्ने हो भने त्यस कानूनको अपव्याख्या हुन जाने**

[1] ने.का.प. २०७४, अंक ७, नि.नं. ९८३४

भई विधायिकी मनसाय पराजित हुने।... विधायिकाले कानूनी व्यवस्थाबाट मुद्दाको पक्षलाई कुनै कानूनी सुविधा प्रदान गरिरहेको अवस्थामा अदालतले त्यस्तो सुविधालाई वाक्य र वाक्यांशको अपव्याख्या गरी सीमित गर्न मिल्ने हुँदैन। यो कानून व्याख्याको सामान्य नियम पनि भएकाले अदालतले एउटा पदावलीलाई आधार मानी कानूनी व्यवस्थाको व्याख्या गर्नु मनासिब हुँदैन" भन्ने व्याख्या भएको प्रस्तुत निवेदनमा समेत विचारणीय हुने देखिएको छ। यसबाट कुनै पनि व्यक्तिलाई अभियोग प्रमाणित नभएसम्म सजाय नै कार्यान्वयन हुने प्रकृतिबाट थुना वा कैदमा निरन्तरता दिनुलाई न्यायोचित मानिएको देखिंदैन।

ऐनको दुईवटा प्रावधानभित्र दुविधा(ambiguity)को अवस्था विद्यमान छ, छैन ? भन्ने कुराको उठान हुँदा कानून व्याख्यासम्बन्धि सिद्धान्तहरूको चर्चा गर्नु आवश्यक हुन्छ। प्रस्तुत निवेदनका सम्बन्धमा निवेदनको विषयवस्तुलाई मध्यनजर गरी Principle of Strict Construction वा Rule of lenity कुन-कुन अवस्थामा लागू हुने भन्ने सम्बन्धमा पनि विचार गर्नुपर्ने देखियो। मोल्हुसेन हेन्ड्रिक ओटो (Molhuysen Hendrik Otto to:) विरुद्ध क र ख (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दा[१]मा "फौजदारी कानूनमा देवानी कानूनमा जस्तो Principle of analogy लागू नभै कठोर व्याख्याको सिद्धान्त (Principle of strict construction) लागू हुन्छ भन्ने मान्यता राखिन्छ। फौजदारी कानून निर्माण गर्दा मानिसका केही निश्चित् व्यवहारहरूलाई निषेध गर्ने र निषेध गरिएको कार्य गरेमा सजाय गर्ने विधायिकी उद्देश्य निहीत रहेको हुँदा फौजदारी कानूनले खास प्रकारका मानवीय व्यवहारलाई नियन्त्रण गरिरहेको हुन्छ। जब यस कानूनविपरीत कुनै कार्य गरेको भनी प्रश्न उठाइन्छ भने सो कार्यलाई प्रचलित फौजदारी कानूनले कसूर मानेको छ वा छैन भनी कसूर गरेको भनिएको समयमा प्रचलित कानूनी व्यवस्थालाई नै हेरिने हो। परन्तु, कुनै कसूरको सम्बन्धमा कानूनमा द्विविधाजनक (Ambiguity) अवस्था छ र गरिएको कार्य कसूर हो वा होइन भन्ने स्पष्टताका साथ यकीन गर्न नसकिने अवस्था छ भने त्यस्तो अवस्थामा अभियुक्तको पक्षमा व्याख्या हुनुपर्ने (अर्थात, Rule of lenity) फौजदारी कानूनको सिद्धान्त हो। कठोर व्याख्याको सिद्धान्त (Principle of strict construction) पनि यसैमा आधारित रहेको पाइन्छ। यो सिद्धान्त लागू गर्नु पूर्व कानून निर्माण गर्नु पछाडिको विधायिकी उद्देश्यलाई पनि विचार गर्नुपर्ने हुन्छ। विधिकर्ताको उद्देश्यअनुरूप अभियोग लगाइएको कार्य मेल नखाएमा वा संदिग्ध देखिएमा मात्र यो सिद्धान्तको प्रयोग गर्न सकिने हुन्छ। विधायिकाले बनाएको अमुक विषयको कानूनमा उल्लिखित कुनै प्रावधानको कुनै अंशको निरपेक्ष व्याख्या गरिन्छ भने

[१] ने.का.प. २०६९, अङ्क ७, नि.नं. ८८६०

त्यसबाट विधायिकी उद्देश्य के थियो भन्ने कुरा पत्ता लगाउन कठिन हुने हुँदा विधायिकी उद्देश्य पत्ता लगाउन सम्बन्धित कानूनको पूर्ण अध्ययन आवश्यक छ। त्यसैगरी कानूनमा प्रयुक्त कुनै दफाले अर्को दफामा प्रयुक्त प्रावधानलाई सापेक्षित रुपमा इङ्गित गरेको छ भने दुवै दफाका प्रावधानलाई एक अर्कासँग निरपेक्षरुपमा राखेर व्याख्या गरिनु हुँदैन। दुवैलाई एक अर्काको परिपूरकको रुपमा नै हेर्नुपर्ने हुन्छ। त्यसरी सम्बद्ध दफामा उल्लिखित प्रावधानहरूलाई दृष्टिगत गर्दा पनि अभियोजित कसूर अपराध भए नभएको सम्बन्धमा संदिग्ध वा द्विविधाको स्थिति सिर्जना भएमा त्यस्तो अवस्थामा अभियोजन दावीलाई अपनाउन सकिने स्थिति नहुँदा फौजदारी कानूनमा उल्लेख नभएको वा प्रचलित कानूनले कसूरको रुपमा इङ्गित नगरेको कार्यलाई कसूरको संज्ञा दिन कानूनतः नमिल्ने नै हुन आउँछ" भनी व्याख्या भएको छ। त्यसैगरी, लाक्पा शेर्पा विरुद्ध परिवर्तित उपनाम यमूना राईको जाहेरीले वादी नेपाल सरकार भएको जवर्जस्ती करणी मुद्दा[3]मा "अदालतले फौजदारी अपराधलाई अक्षरशः एवं कठोररूपमा व्याख्या गर्नुपर्छ। यसको व्याख्या गर्दा कठोर संरचनाको सिद्धान्त **Principal of strict construction** लागू हुन्छ र त्यही अनुरूप व्याख्या गरिनुपर्छ" भन्ने सिद्धान्त प्रतिपादित भएको देखिन्छ। यसप्रकार सामान्यतया फौजदारी अपराधको हकमा कानूनको कठोररूपमा व्याख्या गर्नुपर्छ भन्ने यस अदालतको दृष्टिकोण रहँदै आएको छ। "Penal Statues should be Strictly Construed." भनी Avtar Singh को भनाईसमेत रहेको समेत पाइन्छ[4]। यसरी फौजदारी अपराधलाई केही कठोररूपमा नै व्याख्या गर्नुपर्ने भए अनुरुप फौजदारी अपराधको कार्यविधिगत विषयमासमेत यसै गरी Principal of strict construction लागू गरी व्याख्या गरिने प्रचलन रही आएको देखिएको छ।

अव प्रचलित कानूनको व्यवस्था हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (१) को देहाय (ख) मा उल्लिखित "दश वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति" र (ग) मा उल्लिखित "अनुसूची -१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्ति" भन्ने वर्गीकरण सम्बन्धमा कानूनले नै ऐ.संहिता अन्तर्गतको अनुसूची-१ र २ भित्र पर्ने कसूरमा ३ वर्षभन्दा बढीको हद तोकेको छ भने यी अनुसूची भित्र नपरेको दश वर्ष भन्दा बढी कैद हुने अन्य विशेष कानूनले व्यवस्था गरेको कसूरको अवस्थामा त्यस्ता व्यक्तिले थुनामै बसी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था गरे पनि ऐ. उपदफा (२) ले ती कार्यविधिका हकमा पुर्पक्षको लागि थुनामा नबसेको तर फैसला

---

[3] ने.का.प. २०७३, अङ्क ९, नि.नं. ९६८४

[4] Avtar Singh & Harpreet Kaur "Introduction to Interpretation of Statutes", $4^{th}$ Ed.2014, LexisNexis, Pg.46

हुँदा दश वर्षसम्म कैद सजाय भएको व्यक्तिले अदालतको अनुमतिले कैदमा नबसी पुनरावेदन गर्ने कार्यविधि तोकिएबाट ऐ.दफा १३७(१)(ख) तथा (ग) एवं उपदफा (२) को पूर्वावस्था फरक फरक रहेको देखियो। यस अवस्थामा कानूनमा प्रयुक्त भाषाले सरल रुपमा जे अर्थ दिन्छ सोही मनशाय अनुरुप हुने गरी व्याख्या गर्नु न्यायोचित हुने देखियो। यस दफा १३७ ले मुलुकी अपराध संहिता, २०७४ तथा यस संहिता बाहेक अन्य विशेष ऐनलाई पनि समेटेको अवस्था देखिएको छ। कुनै कसूरको सम्बन्धमा कानूनमा द्विविधाजनक (Ambiguity) अवस्था छ भने त्यस्तो अवस्थामा सामान्यतया अभियुक्तको पक्षमा व्याख्या (अर्थात, Rule of lenity) अपनाइन्छ, तर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उप-दफा (१) को खण्ड (ख) र (ग) मा भएको प्रावधानबिच दुविधाको अवस्था विद्यमान रहेको नदेखिएको अवस्था त्यसको थप विवेचना गर्नु पर्ने देखिएन।

- पुनरावेदन गर्दा कैदमा नै बसेर पुनरावेदन गर्नुपर्नेछ भनी ऐ. ऐनको दफा १३७ (१) (घ) मा भएको व्यवस्था हेर्दा, "**पूर्पक्षको लागि थुनामा बसेकोमा कसूरदार ठहरी कैद सजाय पाएको व्यक्ति**" भनी उल्लेख छ। जिल्ला अदालतले सुरू कारबाही गरी पुर्पक्षको लागि थुनामा पठाउने वा नपठाई धरौटी जमानत वा साधारण तारेखमा छाड्ने अधिकार राख्दछ। केही विशेष मुद्दामा शुरू तह नै उच्च अदालत वा विशेष अदालत आदि हुने हुँदा जिल्ला अदालत वा उच्च अदालत समेतले सुरू मुद्दाको सुनुवाइको क्रममा पूर्पक्षको लागि थुनामा पठाई तत्पश्चात कसूरदार ठहऱ्याई निश्चित हदको कैद सजाय तोकिएको व्यक्तिले कैदमा नै बसेर माथिल्लो तहको अदालतमा पुनरावेदन गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोबाट सो व्यवस्थाले शुरु अदालतमा पुर्पक्षमा थुनामा बसी सो अदालतले कैद सजाय गरेको व्यक्ति र सुरु अदालतबाट सफाइ पाई उच्च अदालतबाट कैद सजाय पाएको कारण सर्वोच्च अदालतमा पुनरावेदन दिने व्यक्ति दुवैलाई जनाउने हो भन्ने निष्कर्षमा यो इजलास पुगेको छ।
- यसैगरी, ऐ.संहिताको दफा १३७(१) को देहाय (घ) मा भएको व्यवस्थालाई उपदफा (२) को "**......अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिको लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिव देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ**" भन्ने कानूनी व्यवस्था सँगै पढ्दा उक्त प्रावधानहरूले दुविधाको अवस्था सृजना गरेको हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, ऐ.संहिताको दफा १३७(१) (घ) मा "**पुर्पक्षको**

लागि थुनामा" बसेको व्यक्तिको हकमा उक्त व्यवस्था लागु हुने र ऐ.संहिताको उपदफा (२) "**पुर्पक्षको लागि थुनामा नबसेको**" व्यक्तिको हकमा लागू हुने देखिंदा यी दुईवटा प्रावधानहरूले दुविधाको अवस्था सृजना गरेको भन्ने देखिंदैन। ऐ.संहिताको ऐ.दफाको उपदफा (२) ले पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले पुनरावेदन गर्दा कैदमा नबसी पुनरावेदन गर्ने सुविधा पाउने कुरा उल्लेख गरेको छ। तर जिल्ला अदालतको फैसला अघि पुर्पक्षको लागि थुनामा रहेको तर फैसला हुँदा सफाइ पाएकोमा उच्च अदालतबाट फैसला हुँदा १० वर्षसम्म कैद सजाय भएका प्रतिवादीलाई नसमेटेको हो की भन्ने ऐ.संहिताको ऐ.दफाको उपदफा (२) अक्षरशः पढ्दा दुविधा सृजना गरेको जस्ता आभास भए पनि द्विविधाजनक अवस्थामा अभियुक्तको पक्षमा व्याख्या हुनुपर्ने सामान्य सिद्धान्त यहाँ आकर्षित हुन आउँछ। अदालतबाट कसूरदार नै ठहरेको व्यक्तिले पुनरावेदन गर्दा कैदमा नबसी पुनरावेदन गर्ने सुविधा पाउने नै हुन्छ भने तल्लो तहको अदालतबाट सफाइ नै पाएको व्यक्तिलाई थुनामा पठाई पुनरावेदन गर्न पठाउनु उपयुक्त हुने देखिंदैन। मुलुकी अपराध संहिता, २०७४ को दफा १० मा कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाइबाट वञ्चित गरिने छैन भनी फौजदारी न्यायको सिद्धान्तमै राखी अधिकार र सुविधा सुनिश्चित गरेको परिप्रेक्षमा कसूरदार ठहरेको व्यक्तिलाई कैदमा नबसी पुनरावेदन गर्ने सुविधा कानुनले दिन मिल्ने भनेको अवस्थामा कसूरबाट सफाइ पाएको व्यक्तिलाई सो सुविधा दिन मिल्दैन भनेर व्याख्या गरिनु न्यायोचित हुँदैन। यसरी सुबिधा दिंदा पछि पुनरावेदन सुन्ने अदालतले कसुरदार ठहऱ्याई फैसला गरेमा पुर्पक्षका निम्ति थुनामा बसेको अवधि कटाई बाकी कैद भुक्तान गर्न मिल्ने नै हुन्छ।

- यसप्रकार के-कस्तो अवस्थामा कैदमा नबसी पुनरावेदन गर्न सक्ने र के-कस्तो अवस्थामा कैदमा नै बसी पुनरावेदन गर्नु पर्ने भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) मा "**उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि**" भन्ने वाक्यांश राखी "**अदालतबाट पुर्पक्षका लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिका लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ**" भन्ने व्यवस्था उल्लेख गरेको देखिएबाट पुर्पक्षका लागि थुनामा

नबसेका व्यक्तिका हकमा दश वर्षसम्म कैद सजाय ठहरेको व्यक्तिलाई यस्तो सुविधा प्रदान गर्न सकिने व्यवस्था देखिएको स्थितिमा सो व्यवस्थाले जिल्ला अदालतको फैसलाले सफाइ पाएको तर पुर्पक्षका निम्ति थुनामा बसेका र उच्च अदालतबाट फैसला हुँदा १० वर्षसम्म कैद सजाय भएका प्रतिवादीलाई नसमेटेको भनी व्याख्या गर्न न्यायको रोहमा मिल्ने नदेखिएको र उक्त कानूनी व्यवस्थाको आशय १० वर्षसम्म कैद भई पुनरावेदन दायर गर्न आउँदाका अवस्थामा थुनामा नरहेका प्रतिवादीलाई थुनामा नबसी पुनरावेदन गर्ने सुविधा प्रदान गर्ने भन्ने देखिंदा यी निवेदक/प्रतिवादी मदन परियार भन्ने राजेन्द्र नेपालीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्रदान गर्न मिलेन भनी यस अदालतका सह-रजिष्ट्रारबाट मिति २०७९।५।२३ मा भएको आदेश मिलेको नदेखिंदा बदर गरिदिएको छ। प्रचलित कानून बमोजिम हुन आउने धरौट अंक निर्धारण गरी सो बापत नगदै वा बैंक जमानत वा सो बराबरको जेथा जमानत दिए लिई निवेदकको निवेदन माग बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्रदान गरी पुनरावेदन दर्ता गर्नु गराउनुहोला। साथै, अबउपरान्त यसै आदेशको परिधिभित्र रहेर पुनरावेदन दर्ता गर्नु गराउनुहोला भनी यस अदालतका मुद्दा महाशाखाका सह-रजिष्ट्रारलाई प्रस्तुत आदेशको पूर्णपाठको जानकारी गराई यस अदालतको वेबसाइटमा प्रविष्ट गरी प्रस्तुत निवेदनको मिसिल सम्बन्धित फाँटमा नियमानुसार बुझाइदिनू।

| | | |
|---|---|---|
| नहकुल सुवेदी | सुष्मालता माथेमा | अनिल कुमार सिन्हा |
| (न्यायाधीश) | (न्यायाधीश) | (न्यायाधीश) |

इजलास अधिकृतः नवीन कुमार यादव

इति संवत् २०७९ चैत्र ९ गते रोज ५ शुभम् ----------------------------------------।